धनकुटा नगरपालिका

# स्थानीय राजपत्र

धनकुटा नगरपालिकाद्वारा प्रकाशित
खण्ड १) मिति २०७७ साल भदौ ३० (संख्या ६

## भाग १

## धनकुटा नगरपालिका

# संस्था दर्ता नियमावली, २०७७

**प्रस्तावना :**

धनकुटा नगरपालिकाको संस्था दर्ता ऐन, २०७६ को दफा १६ ले दिएको अधिकार प्रयोग गरी धनकुटा नगर कार्यपालिकाले देहायका नियमहरु बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :-** (१) यो नियमको नाम "धनकुटा नगरपालिका संस्था दर्ता नियमावली, २०७७" रहेको छ ।

(२) यो नियमावली स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि लागू हुनेछ ।

**२. परिभाषा :-** (१) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा ऐन भन्नाले धनकुटा नगरपालिकाको संस्था दर्ता ऐन, २०७६ सम्झनुपर्छ ।

(२) स्थानीय अधिकारी भन्नाले प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृतलाई सम्झनुपर्छ ।

**३. दर्ताको लागि निवेदन :-** (१) ऐन बमोजिम संस्था दर्ता गर्न चाहने व्यक्तिहरुले एकहजार रुपैयाँ दस्तुर बुझाएको निस्सा, संस्थाको विधान र अनुसूची -१ अनुसारको ढाँचामा अनुसूची -२ मा उल्लिखित कागजातसहित स्थानीय अधिकारी समक्ष निवेदन दिनु पर्नेछ ।

(२) संस्थाको विधानमा अनुसूची –३ मा उल्लिखित कुराहरु समावेश भएको हुनु पर्नेछ ।

(३) यो नियमावली प्रारम्भ हुनु अगावै प्रचलित कानुन बमोजिम दर्ता भएका संस्थाहरूले ऐनमा तोकेको अवधि भित्र पाँचसय रुपैयाँ दस्तुर बुझाएको निस्सा, संस्थाको विधान र अनुसूची-१ अनुसारको ढाँचामा अनुसूची-२ मा उल्लिखित कागजातसहित स्थानीय अधिकारी समक्ष निवेदन दिनु पर्नेछ ।

**४. संस्थाको दर्ता र प्रमाणपत्र :-** (१) नियम ३ बमोजिमको निवेदन प्राप्त भएपछि स्थानीय अधिकारीले आवश्यक जाँचबुझ गरी संस्था दर्ता गर्न उचित ठानेमा निजले अनुसूची-४ बमोजिम दर्ता

कितावमा संस्था दर्ता गरी अनुसूची-५ बमोजिमको दर्ता प्रमाण–पत्र दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम दर्ता हुने सस्थाको विधानमा पदाधिकारीहरुको पदावधि बढीमा पाँच बर्षसम्म उल्लेख गरेको हुनु पर्नेछ।

**५. दर्ताको अवधि, नवीकरण र दस्तुर :-** (१) नियम ४ बमोजिमको संस्थाको दर्ता अवधि एक आर्थिक वर्षसम्म कायम रहनेछ ।

(२) उपनियम (१) बमोजिम संस्थाको दर्ता कायम रहने अवधि समाप्त भएको मितिले तीन महिनाभित्र सम्बन्धित संस्थाले पाँचसय रुपैँया दस्तुर तिरी स्थानीय अधिकारीबाट संस्था नवीकरण गराउनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम म्याद नाघेपछि कुनै संस्थाले त्यस्तो म्याद नाघी नवीकरण हुन नसकेको मनासिव कारण देखाई संस्था नवीकरणको लागि निवेदन दिन आएमा स्थानीय अधिकारीले उपनियम (२) बमोजिम लाग्ने दस्तुरमा देहाय बमोजिमको थप दस्तुर लिई संस्था नवीकरण गरिदिन सक्नेछ: –

(क) उपनियम (२) बमोजिमको म्याद नाघेपछि तीन महिनाको लागि रु.१००।–

(ख) खण्ड (क) को म्याद नाघेपछि आषाढ मसान्त सम्मको लागि रु. ३५०।–

(४) उपनियम (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि म्यादभित्र नवीकरण नगराएका संस्थाहरुले नवीकरण हुन नसकेको मनासिव कारण देखाई नवीकरणको लागि निवेदन दिएमा प्रत्येक आर्थिक वर्षको लागि लाग्ने नवीकरण दस्तुरको अतिरिक्त प्रत्येक आर्थिक वर्षको लागि एकहजार रुपैंयाका दरले थप जरिबाना समेत लिई स्थानीय अधिकारीले त्यस्तो संस्था नवीकरण गर्न सक्नेछ । तर यसरी नवीकरण गर्दा चालु आर्थिक

बर्षको असोज मसान्त भित्र नवीकरण गरेमा सो आर्थिक वर्षको लागि जरिवाना बाहेक पाँचसय रुपैयाँ नवीकरण दस्तुर मात्र लाग्नेछ । सो अविध पछि नवीकरण गर्नेको हकमा जरिवाना छुट हुने छैन ।

(५) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै संस्थाले बढीमा पाँच वर्ष सम्मको लागि एकै पटक संस्था नवीकरण गर्न निवेदन दिएमा स्थानीय अधिकारीले त्यस्तो संस्थाले गरी आएको कामको प्रकृति र अवस्था हेरी प्रत्येक वर्षको लागि पाँच सय रुपैयाँका दरले पाँच बर्षको दुई हजार पाँच सय दस्तुर लिई एकै पटक पाँच वर्षसम्मको लागि संस्था नवीकरण गरिदिन सक्नेछ । यसरी नवीकरण भएको संस्थाले सो अविधको संस्थाको बार्षिक प्रगति प्रतिवेदन, साधारण सभाको निर्णय र लेखा परीक्षण प्रतिवेदन हरेक बर्ष नगरपालिका समक्ष पेश गर्नु पर्नेछ ।

(६) उपनियम (५) बमोजिम नवीकरण भएको संस्थाले हरेक बर्ष पौष मसान्त भित्र सो उपनियम बमोजिम कागजात पेश नगरेमा नवीकरण खारेज गर्न सकिनेछ ।

(७) संस्था नवीकरण गर्नको लागि निवेदन दिँदा कार्य समितिका पदाधिकारीहरुको नामावली र संस्था नवीकरण सम्बन्धी कार्य समितिको निर्णय समेत संलग्न गर्नु पर्नेछ ।

(८) यो नियमावली लागू हुनु पूर्व प्रचलित कानुन बमोजिम दर्ता भएका संस्थाहरुको नवीकरण प्रक्रिया यसै नियम बमोजिम हुनेछ ।

(९) माथि जुनसुकै कुरा लेखिएको भएता पनि सात बर्ष भन्दा बढी समय नवीकरण नगरेमा सो संस्था स्वत खारेज हुनेछ र यसरी खारेज भएको संस्थाको सम्पूर्ण चल अचल सम्पत्ति नगरपालिकाको हुनेछ ।

(१०) उपनियम (३) र (५) बमोजिम संस्था नवीकरण गरेको जानकारी प्रदेश नम्बर १ सामाजिक विकास मन्त्रालय पठाउन सकिने छ ।

**६. विधान संसोधन :-** (१) संस्थाले आफ्नो विधान संसोधन गर्नु पर्ने भएमा विधानमा उल्लिखित प्रक्रिया पूरा गरी सम्पूर्ण सदस्य संख्याको कम्तीमा दुई तिहाई सदस्यहरु द्धारा पारित गरिएको विधानको मस्यौदा स्थानीय अधिकारी समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम पेश भएको विधान संसोधन प्रस्तावको आवश्यक जाँचबुझ गरी प्रचलित कानुन बमोजिम संसोधन गर्न मिल्ने देखिएमा स्थानीय अधिकारीले पेश भएको पन्ध्र दिन भित्र संसोधनका लागि स्वीकृति दिनु पर्नेछ ।

**७. संस्थाको विघटन वा खारेजी:-** (१) संस्थाको विधान बमोजिम साधारण सभाका दुई तिहाई सदस्यहरुको समर्थनबाट संस्था विघटन भएमा सम्बन्धित संस्थाले विघटन भएको पन्ध्र दिन भित्र नगरपालिकालाई जानकारी दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम जानकारी दिँदा साधारण सभाको निर्णय, संस्थाको पछिल्लो आर्थिक बर्षको लेखा परीक्षण प्रतिवेदन, सो आर्थिक बर्ष सम्मको कर बुझाएको निस्सा र संस्था दर्ताको प्रमाणपत्रको सक्कल पेश गर्नु पर्नेछ ।

(३) उपनियम (१) बमोजिमको प्रक्रिया र उपनियम (२) अनुसारका कागजात पेश भएमा विघटित संस्थाको अभिलेख अद्यावधिक गरी सोको जानकारी सार्वजनिक गर्नु पर्नेछ ।

(४) ऐनको दफा १२ को उपदफा (४) बमोजिम निलम्बनको अवधि बढीमा तीन महिना रहने छ । तीन महिना भित्र संस्थालाई स्थानीय अधिकारीले मनासिव माफिकको जवाफ पेश गर्न लगाई सोको आधारमा अध्ययन गरी निलम्बन फुकुवा वा खारेजीको लागि नगरपालिकामा पेश गर्नु पर्नेछ ।

(५) संस्था निलम्बन वा खारेजी भएको सूचना कम्तीमा स्थानीयस्तरको पत्रिकामा सार्वजनिक गर्नु पर्नेछ ।

अनुसूची - १

(नियम ३ सँग सम्बन्धित)

## निवेदन पत्रको ढाँचा

श्री प्रमुख प्रशासकीय अधिकृतज्यु,

धनकुटा नगर कार्यापालिकाको कार्यालय ।......................

विषयः संस्था दर्ता गरिदिने बारे

प्रस्तुत विषयमा ..................................... सम्बन्धी संस्था दर्ता गर्न चाहेकोले धनकुटा नगरपालिकाको संस्था दर्ता ऐन, २०७६ बमोजिम संस्था दर्ता गर्न संस्थाको दुई प्रति विधान सहित देहायको विवरण खुलाई निवेदन गरिएको व्यहोरा अनुरोध छ ।

विवरण

१. संस्थाको नाम

२. संस्थाको प्रमुख उद्देश्यहरु –

(क)

(ख)

(ग)

३. कार्य समितिका सदस्यहरुको

| नाम | ठेगाना | पेशा |
|---|---|---|
| (क) | | |
| (ख) | | |
| (ग) | | |
| ( ) ................................... | | |

४. आर्थिक स्रोत –

५. संस्थाको प्रकार –

६. कार्यालयको ठेगाना –

पदाधिकारीको नाम:

पद :

सही :

संस्थाको छाप :

मिति :

# अनुसूची– २

## (नियम ३ को उपनियम (१) र (३) सँग सम्बन्धित)

## संस्था दर्ता तथा नवीकरणसम्बन्धी आवश्यक कागजातहरु

क संस्था दर्ताका लागि आवश्यक कागजातहरु

१. संस्था दर्ताको निवेदन

२. संस्थाको विधान दुई प्रति ( पदाधिकारीहरु सबैले विधानको पहिलो पानाको शिर बाहेक अन्य स्थानमा तलमाथि सही गरेको हुनु पर्ने)

३. संस्था गठन र विधान पारित सम्बन्धी साधारण भेलाको निर्णयहरु

४. संस्था दर्ता सम्बन्धी कार्य समितिको निर्णय र अख्तियारी प्रदान गरेको पत्र

५. पदाधिकारीहरुको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि

६. पदाधिकारीहरुको नामथर, पद, ठेगाना, उमेर,नागरिकता नम्बर, पेशा शैक्षिक योग्यता , सम्पर्क नम्बर र फोटो सहितको प्रमाणित व्यक्तिगत विवरण

७. संस्थाको कार्यालय रहने सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र

८. पदाधिकारीहरुको प्रचलित कानुन बमोजम योग्यता पुगेको स्वोघोषणा पत्र

९. संस्थाको छापको नमूना

१०. संस्था दर्ताका लागि एक हजार रुपैया दस्तुर बुझाएको रसिद

ख संस्था नवीकरणका लागि आवश्यक कागजातहरु

१. संस्था नवीकरणको निवेदन

२. संस्था दर्ता प्रमाण पत्रको सक्कल प्रति

३. अघिल्लो आर्थिक बर्षको लेखा परीक्षण प्रतिवेदन

४. संस्था नवीकरण सम्बन्धी कार्य समितिको निर्णय र अख्तियारी प्रदान गरेको पत्र

५. संस्थाको कार्यालय रहने सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र

६. संस्था नवीकरणको लागि ऐन बमोजिम दस्तुर तथा जरिवाना बुझाएको रसिद

७. बार्षिक प्रगति प्रतिवेदन

८. अघिल्लो आर्थिक बर्ष सम्मको कर चुक्ता गरेको निस्सा

९. स्थायी लेखा नम्बर

अनुसूची– ३

(नियम ३ को उपनियम (२) सँग सम्बन्धित)

संस्थाको विधानमा हुनु पर्ने आवश्यक कुराहरु

**परिच्छेद – १**

**परिचय**

१ संस्थाको नाम

२ कार्य क्षेत्र र ठेगाना

३ संस्थाको छाप र चिन्ह

**परिच्छेद – २**

संस्थाको उद्धेश्य

४ संस्थाको उद्धेश्य

५ उद्धेश्य प्राप्त गर्न गरिने कार्य

**परिच्छेद – ३**

**सदस्यता**

६ सदस्यताको बर्गिकरण

७ सदस्यता प्राप्तिका लागि योग्यता

८ सदस्य नियुक्त हुन नसक्ने अवस्था

९ संस्थाको सदस्य वहाल रहन नसक्ने अवस्था

१० सदस्यता शुल्क र सदस्यता प्रदान गर्ने विधि

**परिच्छेद – ४**

**साधारण सभा तथा बैठक सम्बन्धी व्यवस्था**

११ संस्थाको सभा बोलाउने तरिका र सभाका लागि दिनु पर्ने सूचना सम्बन्धी कुरा

क. साधारण सभाको गठन

ख. गणपुरक संख्या

ग. साधारण सभाको काम, कर्तव्य र अधिकार

**परिच्छेद – ५**

**कार्य समितिको गठन तथा बैठक सम्बन्धी व्यवस्था**

१२ कार्य समिति

१३ गणपुरक संख्या

१४ काम कर्तव्य र अधिकार

**परिच्छेद – ६**

**आर्थिक अवस्था**

१५ संस्थाको कोष

१६ खाता सञ्चालन

१७ लेखा र लेखा परीक्षण

**परिच्छेद – ७**

**विविध**

१८ निर्वाचन सम्बन्धी व्यवस्था

१९ उम्मेद्धवार

२० अविस्वासको प्रस्ताव

२१ विधान संसोधन

२२ नियम बनाउन सक्ने

२३ तदर्थ समिति

२४ संस्था विघटन वा खारेजी

२५ ऐन अनुसार हुने

हामी..........................................को निम्न संस्थापकहरु यस विधान बमोजिम कार्य गर्न मञ्जुर भै निम्न साक्षीहरुको रोहवरमा विधानमा सहीछाप गर्दछौः

अनुसूची-४

(नियम ४ सँग सम्बन्धित)

<u>दर्ता किताबको ढाँचा</u>

# संस्था दर्ताको किताव

| दर्ता नम्बर | दर्ता मिति | | | संस्था को नाम र ठेगाना | संस्था को प्रकार | सस्था को प्रमुख उद्धेश्य | अध्यक्ष र सचिव को नाम र ठेगाना | प्रमाणित गर्नेको नाम र पद | प्रमाणित गर्नेको सही | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | साल | महिना | गते | | | | | | | |
| | | | | | | | | | | |

## अनुसूची-५

(नियम ४ सँग सम्बन्धित)

धनकुटा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय धनकुटा

## संस्था दर्ताको प्रमाण–पत्र

दर्ता नम्बर मिति............................

श्री ...........................................

............................. ।

धनकुटा नगरपालिकाको संस्था दर्ता ऐन, २०७६ को दफा ४ बमोजिम......................
...................... प्रकारको संस्था दर्ता गरी यो प्रमाण–पत्र दिइएको छ ।
प्रचलित कानुन र संस्थाको विधान बमोजिम नियमित कार्य सम्पादन गर्नु होला ।

प्रमाणपत्र जारी गर्ने स्थानीय अधिकारीको

सहीः–

नामथर –

दर्जा –

कार्यालय –

## संस्था नवीकरणको ढाँचा

| क्रम संख्या | नवीकरण मिति | नवीकरण गर्नेको | | दस्तुर बुझाएको | | नवीकरण गर्नेको सही | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | नामथर | पद | रसिद नम्बर | रकम | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

**राम बहादुर थापा**
**प्रमुख प्रशासकीय अधिकृत**